# जुनीचाँदे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
मजकोट, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या :-२०७५/०७६
चलानी नं. :- मितिः-२०७५।१२।१६

## सुचना प्रकाशन मिति ६/२०७५/७६

जुनीचाँदे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयका लागि विभिन्न पदहरुमा सेवा करार लिनु पर्ने भएकोले गाउँपाकिाको पदपूर्ति समिति ( कार्यसञ्चालन) निर्देशिका, २०७५ बमोजिम ईच्छुक उम्मेदारहरुले यस गाउँपालिकाको कार्यालयमा र वडा कार्यालयमा रित पूर्वकको दरखास्त दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकासित गरिएको छ।

| क्र. सं. | विज्ञापन नं. | पद | आवश्यक पद संख्या | न्यूनतम शैशिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| १ | ७/२०७५/०७६ | सव–ईन्जिनियर | २ (दुई) | मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङमा डिप्लोमा तह वा सो सरह उत्तीर्ण गरेको हनुपर्ने छ। | |
| २ | ८/२०७५/०७६ | उजुरी प्रशासक | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाण पत्र तह वा सो सरह उतिर्ण गरेको हुनुपर्नेछ। | |
| ३ | ९/२०७५/०७६ | कार्यालय सहयोगी | २ (दुई ) | कम्तिमा एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ। | गाउँ कार्यपालिका को लागि |
| ४ | १०/२०७५/०७६ | कार्यालय सहयोगी | ७ (सात) | कम्तिमा एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको हुनुपर्ने छ। | वडाहरुको लागि |

२) दरखास्त दिदाँ आवश्यक संलग्न गर्नु पर्ने कागजातहरु

- ✓ दरखास्त फाराम,
- ✓ उम्मेदवारको व्यक्तिगत विवरण,
- ✓ न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि
- ✓ नेपाली नागरिताको प्रमाणपत्रको प्रतिलिपि

३) उमेरको हद : पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ बर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने छ।

४) आवेदन शुल्क : सव ईन्जिनियरको लागि रु ५००(पाचसय मात्र ।) उजुरी प्रशासकको लागि रु ४००(चार सय मात्र) र कार्यालय सहयोगीको लागि रु २००(दुई सय मात्र)।

५) उम्मेद्वार छनौटका आधारहरु : लिखित र अन्तर्वार्ता हुनेछ।

६) पारिश्रमिक र अन्य सेवा सुविधा : करार सम्झौता बमोजिम हुनेछ।

७) करार सेवा अवधि : करार सम्झौता बमोजिम हुनेछ।

८) आचरण नैनिक पतन र फौजदारी अभियोग नलागेको हुनुपर्नेछ।

९) सम्बन्धित गाउँपालिकाको स्थायी बासिन्दा भएमा अर्न्तवार्तामा बापत ७ (सात) अङ्क दिइनेछ।

१०) ओावदन दिने अन्तिम मिति : सुचना प्रकाशित भएको मितिले ९(नौ) दिन भित्र कार्यालय समय र सो दिन सार्वजनिक विदा पर्न गएमा अन्तिम दिनको भोलीपल्ट कार्यालय समयमा दरखास्त पेश गर्न सकिनेछ।

११) कार्यालय सहयोगीको लागि वडा नं. १, २, ४, ६, ७, ८ र १० सम्बन्धित वडाकोले मात्र र गाउँपालिकाको लागि गाउँपालिका भित्र सबैले दरखास्त दिन सकिनेछ।

११) लिखित परीक्षा सञ्चालन मितिः सव ईन्जिनियरको २०७५।१२।२६ गते दिउसो १ बजे र कार्यालय सहयोगीको मिति २०७५।१२।२७ विहान ९ बजे र उजुरी प्रशासकको मिति २०७५।१२।२७ गते दिउसो १ बजे ।

१२) लिखित परीक्षा सञ्चालन हुने स्थानः गाउँपालिकाको कार्यालय, मजकोट।

(नोट : सव ईन्जिनियरको लागि लोकसेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम र अन्यको लागि पाठ्क्रम सतितिले निर्धारण गरेबमोजिम हुनेछ र पाठ्क्रम जुनीचाँदे गाउँपालिकाको वेवसाईटमा राखिनेछ । अन्य जानकारीको लागि जुनीचाँदे गाउँपालिकाको वेभसाइट https//: www.junichaandemun.gov.np र सम्पर्क नं. ९८५१२२६११५

सर्वदल शाही
प्रमुख प्रशासकीय अधिकृत